## सामुदायिक बीउ बैंक कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६५

**पृष्ठभूमिः**

गुणस्तरयुक्त बीउको उपलव्धता/प्रयोगले कृषि विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । बीउ एउटा उत्पादनको आधारभूत सामग्री तथा वंशाणुगत गुणको बाहक हो, जसले बिभिन्न हावापानी र अवस्थामा बाह्य श्रोतको प्रयोग मार्फत राम्रो उत्पादन दिन्छ । बीउ विकासको स्थिति नेपालमा उत्साहजनक छैन । आधुनिक कृषिको दृष्टिले बीउलाई मानव आवश्यकता संतुष्टि गर्न उच्च उत्पादन दिन, पोषणयुक्त तथा बाह्य झड्का (Shocks) अवरोधी वस्तुको रुपमा मुल्यांकन गरिएको छ । संख्यात्मक रुपले नेपालमा उन्मोचित बालीका जातहरुको तुलनामा यी जातहरु कृषकहरुबाट अवलम्बन गरिएको दर ज्यादै न्यून छ । नेपालमा खाद्यान्न बालीको बीउ बदल्ने दर करिब ६ प्रतिशत मात्र छ । यसो हुनुको कारण कि त यी जातहरुले कृषकहरुको आवश्यकता र इच्छा पूर्ण रुपमा नभएको साथै कृषि प्रसार पद्धति प्रभावकारी छैन । हाम्रो अवस्थामा, यी दुवै कारणले गर्दा कृषकस्तरमा नयाँ जातको अवलम्बन दर कम भएको स्वीकार्नै पर्छ । अर्को तर्फ स्थान विशेष र सिमान्तकृत कृषकहरुको खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका राख्ने स्थानीय जातहरु द्रुत गतिमा लोप हुँदै गैरहेका छन् । यसर्थ कृषि जैविक विविधताको संरक्षण खाद्य सुरक्षाको सुनिश्चितता तथा दिगो कृषि विकासको लागि गुणस्तर बीउको उपलव्धता एवं प्रयोगमा कृषक समुदायसंग सहकार्य गर्न जरुरी देखिन्छ .

विपन्न, गरिब, सिमान्तकृत तथा निर्वाहमुखी कृषकहरुको कृषि पद्धतिमा सुधार ल्याउने चुनौतीलाई सम्बोधन गर्न नेपाल सरकारले आ.व. ०६५।६६ को बजेट वक्तव्य मार्फत् सामुदायिक बीउ बैंक ( Community Seed Bank) स्थापना गर्ने घोषणा गर्‍यो । साथै सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०६५।१०।१२ को सम्बोधन मार्फत् सामुदायिक बीउ बैंक स्थापना गर्ने थप प्रतिवद्धता जनाइयो । सोही अनुसार गुणस्तरीय बीउ उत्पादन र प्रयोगमा व्यापकता ल्याउने चुनौतीलाई समाधान गर्न सामुदायिक बीउ बैक स्थापना र संचालन कार्यविधी तयार गरिएको छ ।

आवश्यकता नहुँदासम्म बैंकमा रकम जम्मा गरे जस्तै, बीउ बैंकमा बीउ भण्डारण गरिन्छ र आवश्यकता परेको बेला प्रयोग वा बिक्री गरिन्छ । उदाहरणका लागि बाढी, सुख्खा, रोग, कीराबाट क्षती पुगी बाली नोकसानी हुँदा आवश्यकता पर्छ । सामुदायिक बीउ बैंक भन्नाले बीउको उत्पादन, संकलन र भण्डारण सामुदायिक गोदाममा हुन्छ । यस बैंकमा खासगरी बिभिन्न व्यक्ति, अनौपचारिक समूह तथा गैरसरकारी संस्थाबाट बीउ संकलन गर्नुका साथै आपसमा बाँडफाँड एवं बिक्री वितरण गरिन्छ ।

**अवधारणा**

प्रथमत, सामुदायिक बीउ बैंकको अवधारणा स्थानीय जातहरुको स्थान विशेष संरक्षण (In-situ conservation) को लागि शुरवात भएको हो । तर यस अवधारणाले यो भन्दा बढी याने समूहको नेतृत्वमा स्थापना र संचालन भै स्थानीय तथा उन्नत दुवै जातहरुको बीउ बैंकलाई समेटेको छ । उत्पादन, प्रशोधन, भण्डारण तथा स्थानीय स्तरमा साटासाट र बचत भएमा जिल्ला बाहिर पनि बिक्री वितरण गर्न सकिने अर्धव्यवसायिक प्रकृतिको बीउबैंक हुनेछ । यसर्थ यस बैंकलाई संस्थागत बीउ बैंकको रुपमा लिन सकिन्छ जसमा बैंकका सहभागी कृषकहरुबाट वा अन्य सहकारी संस्थाहरु मार्फत् स्थानीय तथा उन्नत बीउको संकलन, भण्डारण, बिक्री वितरण र साटासाट गरी आधुनिक तरिकाबाट प्रशोधन गरिन्छ । त्यस्तै गरी औपचारीक गुणस्तर नियन्त्रण पद्धती अप्नाइन्छ र बजार प्रविधिहरु समेत अवलम्वन गरिन्छ । यी बैंकहरुले व्यक्तिगत तथा सामुहिक रुपमा बीउ उत्पादन संकलन र भण्डारण गरी बिक्री वितरण व्यवस्था औपचारिक रुपमा संचालन गर्ने छन् । यो सोचलाई बीउ बैंक पद्धतिको नयाँ अवधारणको रुपमा लिन सकिन्छ । प्रस्तावित सामुदायिक बीउ बैंकको अवधारणालाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।

**परिभाषाः**

**बीउ** :

सुरक्षा आवरणको रुपमा बोक्रा र खाद्यपदार्थको साथमा रहेको जीवित भ्रुण जस्लाई वाली विरुवा पुनरोत्पादन गर्न प्रयोग गरिन्छ । बानस्पतिक हिसावले परिभाषा गर्दा बीउलाई एउटा परिपक्व बीज अण्ड (Ovule) भनिन्छ । धेरैले

बीउलाई विरुवाको सन्तान उत्पतिको साधन भनि परिभाषा दिएका छन् । सामुदायिक बीउ बैंकमा बीउ भन्ने शब्दले माथिको सवै परिभाषालाई जनाउँछ । यसको अलावा टिस्यू कल्चर प्रविधिबाट उत्पादित विभिन्न बालीका बीउ समेत यस परिभाषा अन्तरगत पर्नेछ ।

**आधुनिक /उन्नत जात** (Mordern Varities) :

औपचारिक प्रजनन पद्धतिबाट विकास गरिएका बालीका जातहरु जुन वंशानुगत रुपमा विशिष्ट रुपमा र स्थायीत्व भएका तथा एक आपसमा भिन्न देखिने गुणहरु भएको बालीका जातलाई उन्नत/आधुनिक जात भनिन्छ ।

**स्थानीय, कृषकको जात (**Farmers Varieties)

कृषकहरुद्धारा होशियारी र वृहत छनौट प्रक्रियाबाट छनौट गरिएका जातहरु जसको व्यापक विशेषताहरु हुन्छन् । स्थान विशेषका जातहरु (Landraces) तथा कुनै माध्यमबाट बाह्य सामग्री (Exotic material) समाविष्ट भएका एवं वैज्ञानिक नाम नभएरका जातहरुलाई कृषकको जात भनिन्छ (Tripp, 1996, Cromwell, 1996b)

**सामुदायिक बीउ बैंक:** (Community Seed Bank)

समुदायले नेतृत्व गरी संचालन भएको बीउ बैंक जहाँ स्थानीय तथा उन्नत जातहरुको बीउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण स्थानीय स्तरमै गरिन्छ र बचत बीउ जिल्ला बाहिर बिक्री गरिन्छ ।

**बीउको सुरक्षा (Seed Security)**

बीउको सुरक्षा भन्नाले त्यो अवस्था हो जसमा कृषकहरुले आवश्यक बीउ, समयमै गुणस्तरयुक्त र परिमाणमा प्रत्येक वर्ष सहज एवं सुलभ रुपमा उपलब्ध हुने सुनिश्चितता हुन्छ ।

**बीउको गुणस्तर (Seed Quality)**

जातीय शुद्ता, भौतिक शुद्ता, उमारशक्ति, रोगमुक्त तथा अन्य तोकिएका मापदण्डहरु पुगेको बीउलाई गुणस्तरीय बीउ भनिन्छ (बीउ बिजन ऐन, २०४५) ।

**सामुदायिक बीउ बैंकको संस्था (Community Seed Producer's Group- CSB/G)**

सामुदायिक बीउ बैंकको संस्था भन्नाले बीउ उत्पादन समूह, सरकारी तथा गैरसरकारी संस्थाबाट स्थापित सहकारी, DISSPRO, CBSP तथा स्वतन्त्र रुपले स्थापित कृषक समूह, सहकारी संस्थाहरु जो नियमपूर्वक जि.कृ.वि.का., सिंचाई कार्यालय तथा जिल्ला सहकारी कार्यालयमा दर्ता भएका हुन्छन् ।

**सामुदायिक बीउ बैंक समिति:**

सामुदायिक बीउ बैंक वा संस्थाहरुबाट प्रजातान्त्रिक तरिकाबाट छनौट भएका सदस्यहरु मिली बनेको समितिलाई जनाउँछ । यस समितिको लागि छुट्टै दर्ताको आवश्यकता पर्दैन । यस समितिले संचालक समितिको रुपमा कार्य गर्नेछ र अधिकार र दायित्व विधानमा उल्लेख भए बमोजिमको हुनेछ ।

**उद्देश्यहरु:**

कृषकहरुको आवश्यकता र प्राथमिकताका आधारमा छनौट भएका स्थानीय, तथा उन्नत जातका बीउ उत्पादन, प्रशोधन र भण्डारण समुदाय स्तरमै गरी गुणस्तरीय बीउको पहुँच, उपलब्धता तथा व्यवस्थापनमा बढोत्तरी गरी सो बाट गरिब, विपन्न तथा सिमान्तकृत कृषकहरुको जिवन स्तरमा अभिबृद्धि गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

**विशिष्ट उद्देश्यहरु:**

१. सामुदायिक बीउ बैंकको स्थापना एवं संस्थागत सुदृढीकरण गरी गुणस्तरीय बीउको संकलन, भण्डारण र वितरणमा सहजता ल्याउने ।

२. भौतिक पूर्वाधारहरु जस्तैः गोदामघर, बीउ प्रशोधन उपकरण, खलियान आदिको विकास गरी समुदायद्वारा व्यवस्थित गर्ने ।

३. कृषक तथा क्षेत्रीय बीउ बिजन प्रयोगशालाहरुको संयुक्त प्रयासमा औपचारिक बीउ गुणस्तर नियन्त्रण पद्धती ( प्रमाणिकर, गुणस्तर, घोषित बीउ र यथार्थ संकेत पत्र) को अवलम्बन गर्ने ।

४. स्थानीय जातहरुको प्रयोग र सम्वर्द्धन गर्न प्रोत्साहन गर्ने ।

५. गरिव, विपन्न, दलित, जनजाती तथा महिला ग्रामिण क्षेत्रका द्वन्द प्रभावित क्षेत्रमा गुणस्तरीय बीउको उपलब्धता र पहुँचमा सुधार गर्ने ।

**क. भौगोलिक कार्यक्षेत्र**

सामुदायिक बीउ बैंक खासगरी वाञ्छित जातहरुको गुणस्तरीय बीउको पहुँच नपुगेका क्षेत्रका कृषकहरुलाई लक्षित गरिएको छ । प्रथम वर्ष तल दिइएका १५ जिल्ला यस कार्यक्रमका लागी पाईलट कार्यक्रमका रुपमा कार्यान्वयन गरिने छ र क्रमश: अन्य जिल्लाहरुमा विस्तार गर्दै लगिने छ ।

| विकास क्षेत्र | भौगोलिक क्षेत्र तथा जिल्लाहरु | | |
|---|---|---|---|
| | उच्च पहाड | पहाड | तराई |
| १. पूर्वाञ्चल विकास क्षेत्र | संखुवासभा | तेह्रथुम | सिराहा |
| २. मध्यमाञ्चल विकास क्षेत्र | सिन्धुपाल्चोक | धादिङ्ग | रौतहट |
| ३. पश्चिमाञ्चल विकास क्षेत्र | म्स्ताङ्ग | गुल्मी | नवलपरासी |
| ४. मध्यपश्चिमाञ्चल विकास क्षेत्र | जुम्ला | जाजरकोट | बाँके |
| ५. सुदूर पश्चिमाञ्चल विकास क्षेत्र | बझाङ्ग | डोटी | कञ्चनपुर |

**ख. कार्यविधी रणनिति:**

१. सामुदायिक बीउ बैंकका कृषकहरुमा काम गर्ने प्रतिवद्धता हुन आवश्यक हुन्छ । सामुदायिक बीउ बैंक सफलताको साथ सञ्चालनको लागि समुदायमा जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

२. सामुदायिक बीउ बैंकमा प्रगतिशिल कृषक समूहहरुको आवश्यकता पर्दछ । मुलत: निर्वाहमुखी, सिमान्तकृत तथा गुणस्तर बीउको पहुँच नभएका कृषकहरु सामुदायिक बीउ बैंकका लाभान्वित वर्ग हुन् । बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्न अन्य कृषक समूहहरुलाई पनि समावेश गर्न सकिन्छ तर यो निर्णय समुदायको हुनुपर्छ । सामुदायिक बीउ उत्पादक समुहहरुलाई नै बीउ बैंक सञ्चालन गर्ने जिम्मेवारी दिइने छ ।

३. छनौट भएका गा.वि.स.हरुमा सामुदायिक बीउ उत्पादन समूह ( CSP-G ) गठन गरिनेछ । यस्ता समुहहरु एक गाविसमा एक वा एक भन्दा बढी हुन सक्छन् । सामान्यतया २० देखि २५ जना सदस्यहरु मिलेर सामुदायीक बीउ उत्पादन समूह गठन गरिनेछ ।

४. सामुदायिक बीउ उत्पादक समूहबाट प्रतिनिधित्व रहने गरी बढीमा १५ सदस्यीय एक सामुदायीक बीउ बैंक समिति (SCB-C) गठन गरिनेछ । यसले संचालक समिसतको भूमिका निर्वाह गर्नेछ ।

५. सामुदायिक बीउ बैंक स्थापनाको लागि गा.वि.स. छनौट गर्दा सिमान्तकृत, दलित, जनजाति तथा द्वन्दबाट प्रभावित क्षेत्रलाई प्राथमिकता दिई छनौट गरिने छ ।

६. पहिलो वर्ष कम्तीमा दुईवटा गा.वि.स. छनौट गर्नु पर्छ र श्रोत तथा साधनको आधारमा जिल्ला तथा गा.वि.स.हरुको संख्या बढाउदै लगिनेछ ।

७. बीउ उत्पादनको लागि स्थानीय स्तरमा महत्व राख्ने स्थानिय जात तथा उन्नत जातहरुको छनौट तथा पहिचानमा कृषि प्रसार कार्यकर्ता, कृषि अनुसन्धानका वैज्ञानिक र कृषक समूहहरुको निर्णयबाट गरिनेछ भने जात छनौटको आधार FVs / MVs दुवै प्रकारका जातहरुको बीज वृद्धि गरिनेछ ।

८. स्थानीय जातको श्रोत बीउ स्थानीय स्तरबाट र उन्नत जातको श्रोत बीउ नेपाल कृषि अनुसन्धान परिषदले उपलब्ध गराउनेछ ।

१३. सामुदायिक बीउ बैंकले बीउ संकलन गर्दा, बीउ बन्धक, खरीद तथा न्युनतम भाडा लिई बीउ भण्डारण गर्ने कार्य समेत गर्नेछ ।

१४. बीउको गुणस्तर नियन्त्रणका लागि जि.कृ.वि.का. तथा क्षेत्रीय बीउ बिजन प्रयोगशालाले सहयोग गर्नेछन । सामुदायिक बीउ बैंकका कम्तीमा २ जना सदस्यहरुलाई कम्तीमा एक महिनाको बीउ प्राविधिक तालिम सम्वन्धित निकाय बाटै दिइनेछ । यिनै तालिम प्राप्त व्यक्तिलाई समुदायका आन्तरिक बीउ गुण नियन्त्रणको जिम्मेवारी दिईनेछ ।

१५. स्थानीय प्रविधिको बीउ प्रशोधन कार्यलाई प्रोत्साहन दिइनेछ । तापनि बैंकले आधुनिक प्रशोधन प्रविधिहरुको समेत उपयोग गरी बीउको भौतिक शुद्धता कायम गरिनेछ ।

१६. समुदायमा रहेका बीउ भण्डारणहरुलाई प्राविधिक तथा कृषकहरुबाट नियमित रुपमा अनुगमन गरी बीउको संरक्षण गरिनेछ ।

१७. स्थानीय जातहरुको वृहत अध्ययन, अनुसन्धान, छनौट, उत्पादन आदिको लागि नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गत जीन वैंक (Gene Bank) संग समन्वय गरिने छ ।

१८. विगतका विज वृद्धि कार्यक्रम अन्तर्गत स्थापित स्थानीयस्तरको बीउ विजन सम्वन्धि भौतिक संरचनालाई पनि आवश्यक मर्मत संभार गरी सन्चालन तथा प्रयोगमा ल्याईने छ ।

१९. सामुदायिक बीउ बैंक मार्फत गरिब तथा सिमान्तकृत कृषकहरुलाई गुणस्तर बीउ निम्न प्रकारले उपलब्ध गराईनेछ तथा बीउको मुल्य समुदायको निर्णयबाट तय गरिनेछ । यसका लागि मूल्य लिई बिक्री वितरण गर्ने; बीउ संग खनद्यान्न साटासाट गरि दिने जसमा ५० % थप खाद्यान्न लिने; बाली पाकेपछि भुक्तानी गर्ने गरी ऋणमा बीउ वितरण र आवश्यकता अनुसार सरकारी अनुदान सहयोग भएमा निशुल्क बीउ वितरण ।

२०. केन्द्रिय स्तरमा सामुदायिक बीउ बैंक कार्यलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न सहयोग पुऱ्याउन तथा संचालनको लागि नितीगत पहल गर्न निम्न सदस्यहरु रहने गरी एक कार्यदल गठन गरिनेछ ।

१. बीउ प्राविधिज्ञ, राष्ट्रिय बीउ विजन समिति
२. बाली विज्ञ (वाली विकास निर्देशनालय एवं तरकारी विकास निर्देशनालय)
३. कृषि अर्थ विज्ञ (कृषि विभाग)
४. बीउ बैंक तथा अन्य सरोकारवाला प्रतिनिधीहरु (सियान, नार्क, बीउ उत्पादक, कृषक प्रतिनिधि)
५. कृषि तथा सहकारी मन्त्रालय योजना महाशाखाका प्रतिनिधी

**ग. विभिन्न निकायहरुको भुमिका र जिम्मेवारी**

| क्र.सं. | निकाय | जिम्मेवारी |
|---|---|---|
| १ | सामुदायिक बीउ उत्पादन समूह | ▪ उपयुक्त जातको बीजवृद्धि गर्ने<br>▪ उत्पादित बीउ भण्डारणका लागी बीउ बैंकलाई उपलब्ध गराउने ।<br>▪ बीउको गुणस्तर कायम गर्ने । |
| २ | सामुदायिक बीउ बैंक/संचालक समिति | ▪ बीउ उत्पादक समूहलाई वार्षिक कार्यक्रम बनाउन सहयोग गर्ने<br>▪ अनुगमन तथा निरीक्षण गर्ने<br>▪ बीउ उत्पादक समूहलाई सेवा टेवा पुऱ्याउने<br>▪ योजनाको लागतमा कम्तीमा १० % को लगानी गर्ने । |
| ३ | जिल्ला कृषि विकास कार्यालय | ▪ सामुदायिक विकास संस्थाको कार्य योजना बनाउन सहयोग गर्ने<br>▪ बीउ उत्पादक समूहलाई सेवा टेवा पुऱ्याउने<br>▪ जिल्ला स्तरिय बीउ घुम्ती कोष DSRF संचालन गर्ने गराउने ।<br>▪ बाली विकास निर्देशनालय र सम्बन्धित निकायमा प्रतिवेदन दिने<br>▪ प्रविधि विस्तार ( तालिम, प्रदर्शन र गोष्ठी आदी संचालन गर्ने )<br>▪ श्रोत बीउको व्यवस्था गर्ने<br>▪ जिल्लाको बीउ तथ्याङ्क अध्यावधिक गर्ने<br>▪ तथा सेवा सुविधा तथा बजार व्यवस्था गर्न समन्वय गर्ने ।<br>▪ अनुगमन तथा निरीक्षण गर्ने |
| ४ | जिल्ला विकास समिति/गा.वि.स. | ▪ समन्वय गर्ने<br>▪ निरिक्षण तथा अनुगमन गर्ने<br>▪ योजनाको आवश्यकता र प्रथमिकताको आधारमा जिल्लाको श्रोत र साधनको परिचालन गर्ने । |
| ५ | एग्रो भेट, निजीस्तरका बीउ व्यवसाय | ▪ बीउ बजार व्यवस्था<br>▪ निरीक्षण अनुगमन र तालिम व्यवस्था |
| ६ | क्षेत्रीय कृषि निर्देशलाय | ▪ निरीक्षण तथा अनुगमन गर्ने<br>▪ प्रशासनिक सेवा टेवा पुराउने |

| क्र.सं. | निकाय | जिम्मेवारी |
|---|---|---|
| ७ | (केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशाला/क्षेत्रीय बीउ बिजन परीक्षण प्रयोगशाला)<br>बीउ विजन तथा गुणस्तर नियन्त्रण केन्द्र | ▪ बीउ बाली निरीक्षण तथा प्रमाणिकरण गर्ने<br>▪ बीउ परीक्षण र प्रतिवेदन दिने<br>▪ बीउ भण्डार तथा प्रशोधनको निरीक्षण गर्ने<br>▪ अनुगमन गर्ने |
| ८ | गैह्र सरकारी संस्था | ▪ कृषक समूह गठन तथा परिचालनमा कृषकहरुमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने<br>▪ सामाजिक परिचालन गर्ने |
| ९ | नेपाल कृषि अनुसन्धान परिषद | ▪ माग अनुसारको श्रोत बीउ उपलब्ध गराउने<br>▪ जनसहभागितामूलक बीउ प्रविधि अनुसन्धानमाकार्यक्रम संचालन गर्ने<br>▪ स्थानीय जातको परीक्षण र छनोट गर्ने<br>▪ अनुगमन निरीक्षण गर्ने |
| १० | कृषि विभाग/बाली विकास निर्देशनालय | ▪ केन्द्रीय स्तर समन्वय गर्ने<br>▪ कार्यक्रम संचालन नर्मस तथा निर्देशिका तयार<br>▪ वार्षिक कार्यक्रम बनाउन सहयोग गर्ने<br>▪ प्रतिवेदन मन्त्रालयमा पठाउने<br>▪ प्रशासनिक सहयोग<br>▪ जनशक्ति व्यवस्था<br>▪ सामुदायिक संघ/संस्था र गैह्र सरकारी संस्थाको छनोट |
| ११ | पशु सेवा विभाग | ▪ सरोकारवाला तथा अन्य निकायसंग समन्वय गर्ने<br>▪ घाँसे बालीको श्रोत बीउ व्यवस्था<br>▪ अनुगन तथा निरीक्षण |
| १२ | राष्ट्रिय बीउ बिजन समिति | ▪ बीउ बिजन नीति सम्वन्धी सेवा टेवा<br>▪ श्रोत बीउको समन्वय /बीउ बिजन वासालात तयार गर्ने<br>▪ अनुगमन तथा निरीक्षण गर्ने |
| १३ | कृषि तथा सहकारी मन्त्रालय | ▪ कार्यक्रम तथा बजेटको स्वीकृति दिने ।<br>▪ जनशक्ति व्यवस्था गर्ने<br>▪ अनुगमन तथा निरीक्षण गर्ने |

**घ. कार्यान्वयन प्रक्रिया**

सामुदायिक बीउ बैंक स्थापना कार्य जटिल छ । यसका लागी समर्पित कृषि कार्यकर्ता, अनुसन्धानकर्ता, निजी व्यवसायी र कृषक/कृषक समूहहरुको संयुक्त प्रयास अपरिहार्य छ । सामुदायिक बीउ बैंक स्थापनाका लागी तपशील बमोजीमको कार्य विधि अपनाउनु पर्दछ ।

**१. सामुदायिक बीउ बैंक स्थापना विषय वारे अभिमुखीकरण तालिमः**

जि.कृ.वि.का. र जि.प.सेवा कार्यालयका अधिकृतहरु/प्राविधिकहरु, ने.कृ.अ.प.का वैज्ञानिकहरु, फार्म केन्द्रका प्राविधिकहरुलाई सामुदायिक बीउ बैंक स्थापना बारे अभिमुखीकरण तालिम संचालन ।

**२. सामुदायिक बीउ बैंक स्थापना गरिने गा.वि.स. तथा समुदायको छनोटः**

अभिमुखीकरण तालिम पश्चात तालिम प्राप्त कर्मचारीहरुले सहभागीमूलक पद्धतिबाट आआफ्नो जिल्लाहरुमा सामुदायिक बीउ बैंक संचालनको लागी गा.वि.स. तथा समुदायको छनौट गर्नेछन् ।यसरी छनौट गर्दा सामाजिक सामान्ता तथा सामाजिक रुपले पिछडिएका समुहरुलाई विषेश प्राथमिकता दिनु पर्दछ ।

**३. सामुदायिक बीउ उत्पादन समूह गठन**

गा.वि.स. तथा समुदायको छनोट वडा स्तरीय वा समुदाय स्तरीय सामुदायिक बीउ उत्पादन समूह गठन गरिनेछ । यी समूहहरुलाई अभिमुखीकरण तालिम प्रदान गरी संस्था दर्ता प्रक्रियालाई अगाडी बढाइनेछ । यस्ता समूहहरुमा २० देखि २५ सदस्य रहने छन् । जसमा कम्तीमा ५० प्रतिशत महिला र ५० प्रतिशत गरिव र पछि परेका समुदायको प्रतिनिधित्व रहनेछ ।

**४. सामुदायिक बीउ बैंक समितीको गठन**

सामुदायिक बीउ उत्पादन समूह गठन र दर्ता पश्चात सामुदायिक बीउ उत्पादन समूहका सदस्यहरुको प्रतिनिधित्व हुने गरी बढीमा १५ सदस्यीय सामुदायिक बीउ बैंक कमिटि गठन गरिनेछ । यस समितिले संचालक समितिको कार्य गर्नेछ ।

**५. क्षमता अभिवृद्धि तालिमः**

यस तालिममा सा.बी.उ.सं./सामुदायिक बीउ बैंक सदस्यहरुलाई बीउ उत्पादन प्रविधि ( बीउ वृद्धि, बीउ संलग्नता, प्रशोधन, भण्डारण, गुण नियन्त्रण) र बितरण लगायत सामाजिक - प्राविधिक पक्षमा तालिम दिईनेछ ।

**६. बीउको जातीय नक्सा तयार गर्नेः**

यस कार्यले सामाजिक, आर्थिक अवस्था र स्थानीय आवहावामा उपयुक्त स्थानीय जात र उन्नत जातहरु पहिचान हुनेछ । यसका लागि PRA अभ्यासबाट गर्ने । उक्त सूचि अनुसारका जातहरु मध्येबाट बीउ उत्पादन गर्ने ।

**७. बीजवृद्धि कार्यान्वयनः**

स्थानीय स्तरमा महत्वपूर्ण तथा उपयुक्त जातहरुको पहिचान पश्चात ति जातहरुलाई बीउ वृद्धि गरिन्छ । यसको लागि श्रोत बीउ नेपाल कृषि अनुसन्धान परिषद र कृषि विभाग अन्तरगतका फार्म केन्द्रहरुबाट हुनेछ ।

**८. सहभागितामूलक जातीय छनोटको कार्यान्वयन ( PVS) :**

जात छनोटका लागि समुदायिक बीउ उत्पादन समूहमा कम्तीमा दुईवटा PVS परीक्षण उपलब्ध गराई परीक्षण अवलोकन गराईनेछ । यस PVS परीक्षणको निर्देशिका नेपाल कृषि अनुसन्धान परिषद तथा बाली विकास निर्देशनालयले उपलब्ध गराउनेछ ।

**९. बीउ गुण नियन्त्रणः**

सामुदायिक बीउ उत्पादन समूह तथा बीउ विकास बैंकका सदस्यहरुलाई बीउ गुण नियन्त्रण प्रविधि वारे तालिम दिई बीउ गुण नियन्त्रण कार्यमा दक्ष कृषक बीउ प्राविधिक तयार गरिनेछ । जसबाट समुदायमा उत्पादित बीउ गुण नियन्त्रणमा पुर्ण जबाफदेहि भै कार्य गर्नेछन भने क्षे. बी. प्र.का प्राविधिकबाट समेत बीउ बाली निरिक्षण तथा प्रमाणिकरण कार्य गरी बीउ गुण नियन्त्रणमा सहयोग पुराउने छ ।

**१०. बीउ खरिद तथा संकलनः**

बीउ तथा खेतको न्युनतम मापदण्डहरु पुरा भएको बीउलाई सा.वि.बै समितिका सदस्यहरु द्धारा संकलन गरिन्छ । बीउ उत्पादकबाट बीउ संकलन गर्दा बिभिन्न तरिकाहरु ( बीउ बन्धकी , बीउ भण्डारण तथा खरिद ) अपनाउन सकिन्छ । । बीउको न्युनतम खरिदमुल्य निर्धारण गर्ने काम सा.वि.बै समितिले गर्नेछ ।

**११. बीउ प्रशोधन तथा भण्डारण**

सामुदायिक विकास बैंकको स्वामित्वमा सामुदायिक भण्डारण गर्ने गोदामको निर्माण गरिएको हुन्छ । बीउको सफाई तथा Grading को लागि सानो बीउ प्रशोधन मेशीन उपलब्ध गराइने छ । यदि आवश्यक भएमा बीउ बैंकमा बीउ सुकाउने थलोको समेत निर्माण गरिनेछ । समूह सदस्यहरुबाट संलग्न गरिएका बीउहरुलाई सफा गरी सुकाएर बोराबन्दी गरी सामुदायिक भण्डार गोदाममा भण्डारण गरिन्छ । यी बीउहरुलाई नियमित रुपमा अनुगमन निरीक्षण उपचार गरी बीउको बचावट गरिन्छ । बीउको नमूना लिई बीउ परीक्षण गरि स्तरीय बीउको प्रमाणिकरण गरी बीउ परिचालन गरिनेछ ।

**१२. बीउ मेलाको आयोजना**

जिल्ला तथा क्षेत्रीयस्तरमा बीउ प्रर्दशनी/मेला आयोजना गरि जनचेतना जागरण तथा बीउ बजारिकरण कार्यमा सहयोग पुर्‍याइनेछ ।

**१३. बीउ साटासाट तथा वितरण**

सामुदायिक बीउ विकास बैंकमा साटासाट प्रक्रियाबाट बीउ वितरण गर्ने एक महत्वपूर्ण कार्य हो । बीउ साटासाट प्रक्रियाले बीउ लगाउने समय, खडेरी तथा बाढीबाट भएको क्षतिको समयमा समेत स्तरीय बीउ उपलब्ध हुनेछ । विपन्न वर्गका कृषकहरुलाई प्रतिकूल अवस्थामा समेत स्तरीय बीउ उपलव्ध गराउने यो एउटा तरिका हो । यो

एक बीउ सापट लिने विधि पनि हो जसमा स्तरीय बीउ बैंकबाट बीउ लिई बाली पाके पश्चात ५०% बढी का दरले फिर्ता गर्ने व्यवसथा गर्न सकिन्छ । उदाहरणको लागि १० के.जी. बीउ सापट लिएमा ५ के.जी. बीउ बाली पाके पश्चात बैंकमा फिर्ता दिइनेछ । यसरी बीउ सापट तथा साटासाट गर्दा अपनाइने प्रक्रिया बीउ बैंकले निर्णय गरे अनुसार फरक फरक पनि हुन सक्छ । निःशुल्क वा अनुदानमा र मूल्य लिई विभिन्न तरिकाबाट बीउ वितरण बैंकले गर्न सक्नेछ ।

**१४. अनुगमन निरीक्षण**

जि.कृ.वि.का., क्षे.कृ.नि. तथा कृषि विभागबाट नियमित भ्रमण र निरीक्षण अनुगमन गरिनेछ । निरीक्षण तथा प्रतिवेदनको अभिलेख राख्ने व्यवस्था केन्द्रले गर्नेछ ।

**१५. प्रतिवेदन**

कृषक समूह तथा जि.कृ.वि.का.ले नियमित रुपमा निर्दिष्ट फारममा प्रतिवेदन तयार गरी मासिक, चौमासिक र वार्षिक रुपमा पेश गर्ने छन । बाली विकास निर्देशनालयले प्रगति प्रतिवेदनको क्तबलमबचम ायचकबत तयार गरी समूह तथा जिल्लालाई उपलब्ध गराउनेछ ।

**ङ.कार्यान्वयन तथा संस्थागत व्यवस्था**

- सामूदायिक वीउ वैंक कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५, कार्यान्वयनको लागि केन्द्रियस्तरमा गठित कार्यदल जिम्मेवार हुने छ ।
- यस निर्देशिकामा समय सापेक्ष्य परिमार्जन तथा सुधार गर्न केन्द्रियस्तरमा गठित कार्यदलले गर्ने छ ।

**च. सामुदायिक बिउ बैंकको कार्य योजना**

| क्र.सं. | क्रियाकलापहरु | जिम्मेवारी |
|---|---|---|
| १ | समुदायमा जनचेतना जागरण | जि.कृ.वि.का.जि.प.से.का./सेवाकेन्द्र/उपकेन्द्र/अनुसन्धानकेन्द्र/बीउ उत्पादक समूह, सामूदायिक स्थानीय गैह्र सरकारी संस्था |
| २ | स्थानीय संस्थाहरुको स्थापना तथा सुदृढीकरण | CSBs, कृषक समूह, सहकारी, बीउ उत्पादक समूह |
| ३ | नीति नियम बनाउने | गा.वि.स., जि.वि.स., जि.कृ.वि.का, जि.प.से.का, कृ.सं.के., क्षे.कृ.नि., कृषक समूह तथा समुदायहरु तथा वीउ विजन नियन्त्रण केन्द्र |
| ४ | सामुदायिक वीउ विकास बैंक संरचनाहरु (प्रशोधन तथा अन्य सुविधाहरु) को निर्माण | गा.वि.स., जि.वि.स., जि.कृ.वि.का., कृषि विभाग, प.से.वि., सियान, सामूदायिक वीउ वैंक समिति |
| ५ | क्षमता अभिवृद्धि (तालिम, भ्रमण, प्रदर्शनी आदि) | जि.कृ.वि.का. जि.प.से.का, कृ.प.वि.अ.सं., गैरसरकारी संस्थाहरु |
| ६ | बीउ योजना/ बाली तथा जातको छनोट | स्थानीय स्तर योजना, सा.वि.संस्था, कृषक समूह, सहकारी |
| ७ | उत्पादित बीउको बजार व्यवस्था गरी आयस्तर बढाउने | सा.वि.स., कृषक समूह, सहकारी, बीउ उत्पादक समूह, नेपाल वीउ व्यवसायी संघ |
| ८ | सामुदायिक वीउ विकास बैंक तथा गुणस्तर बीउको निरीक्षण अनुगमन | कृषि तथा पशु विभाग, कृ.अ.प. र जि.वि.स., राष्ट्रिय वीउ विजन कंपनी, वीउ प्रयोगशाला |
| ९ | प्रभाव मूल्यांकन | कृषि तथा पशु विभाग, कृ.अ.प. र जि.वि.स., वीउ विजन कंपनी |

**छ. अपेक्षित उपलब्धी**

☞ आवश्यकता अनुसारको गुणस्तर बीउ स्थानीयस्तरमा नै आपूर्ति हुने ।

- ☞ गा.वि.स. स्तरमा नै गुणस्तर बीउमा आत्मनिर्भर हुने ।
- ☞ प्रत्येक गा.वि.स.मा कम्तीमा एउटा सामुदायिक बिउ बैंक स्थापना तथा संचालन हुने ।
- ☞ समुदायका सदस्यहरुले रोजगारीको अवसर पाउने ।
- ☞ सामुदायिक विउ बैंकलाई सहकारीमा परिणत गर्न सकिने ।
- ☞ सामुदायिक विउ बैंकबाट कम्तीमा १०० घर परिवार प्रत्यक्ष रूपले लाभान्वित हुने ।
- ☞ स्थानीय जातको संरक्षण तथा उपयोग हुने ।

**ज. सामुदायिक विउ बैंक स्थापना र संचालनका लागि प्रस्तावित नर्मस :**

| विवरण | आवश्यक सामग्रीहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| बीउ/ जातको नक्शा तयार | शैक्षिक सामग्री<br>चियापान | १ पटक<br>१जना | ५००<br>३० | |
| बीजवृद्धि कार्य संचालन | ➢ ५० % श्रोत बीउमा अनुदान<br>➢ ५०-७५ % रासायनिक. मलमा अनुदान<br>➢ १०० % बीउ ढुवानी अनुदान<br>➢ बाली संरक्षण रु.१०००/हे.दरले | | | |
| PVS परिक्षण संचालन | १५ व. मि. क्षेत्रफलमा आश्यक पर्ने बीउ, मलखाद र बाली संरक्षण विषादी निःशुल्क | | | |
| बीउ खरीद तथा संकलन | ➢ रु दश लाखका दरले प्रति जिल्ला जिल्ला बीउ घुम्ती कोष (DSRF) स्थापना गर्ने ।<br>➢ समुदायको २५% लगानी रहने गरी दाउनी गर्ने खलिहान निर्माण<br>➢ तराजु, चिस्यान नाप्ने यन्त्र, बोरा सिउने मेशिन आदी उपकरणमा शतप्रतिशत अनुदान | | | |
| बीउ भण्डार गोदाम निर्माण | २५ % समुदायको जनसहभागितामा बीउ भण्डार गोदाम घर नर्माण | | | |
| बीउ प्रशोधन मेशिन | शतप्रतिशत अनुदानमा सानो क्षमताको बीउ प्रशोधन मेशिन | | | |
| बीउ साटासाट गरी बीउ वितरण | संचयकर्ता सदस्य किसानले आफनो प्रयोगको लागि बीउ खरिद गर्न चाहेमा ऊ संग खरिद गरेको मूल्यमा २०% सम्म थप गरी मूल्य लिन सकिने छ । | | | |

**<u>शव्दावली</u>**

| | | |
|---|---|---|
| DISSPRO | | District Seeds Self Suffciency Programme |
| CBSP | | Community Base Seed Production Programme |
| FVS | | Farmers Variety |
| MVS | | Modern Variety |
| IRD | | Infromal Resarch and Development |
| CSP-G | | Community Seed Bank Group |
| CSB/C | | Community Seed Bank Commodity |

| | | |
|---|---|---|
| PVS<br>PRA<br>DSRF | | Particepatory Variety Selection<br>Particepatory Rural Apprisal<br>District Seed Revolving Fund |